# उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

उर्लाबारी, मोरङ

## *विषय : ठेक्काको शिलबन्दी बोलपत्र आव्हानको सूचना*

**(प्रथम पटक प्रकाशित मिति २०७५/०२/२४)**

यस उर्लाबारी नगरपालिका क्षेत्र भित्रका साप्ताहिक हाटबजार, कृषि तथा पशु हाटबजार आ.व. २०७५/०७६ मिति २०७५/०४/०१ देखि २०७६ आषाढ मसान्त सम्म वर्ष १ (एक) का लागि ठेक्का बन्दोबस्त गरी ठेक्काबाट उठाउने न.पा. को मिति २०७५/०२/२० गतेको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्म/व्यक्तिहरुले ठेक्का लिन चाहेमा तपशिलको शर्त बन्देजमा रहि गोप्य शिलबन्दी बोलपत्र उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, उर्लाबारी, मोरङमा दाखिला गर्न हुन सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

| सि. नं. | ठे.नं. | विवरण | न्यूनतम ठेक्का अंक (वार्षिक) | धरौटि रकम | बोलपत्र फाराम दस्तुर | बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फाराम दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | रा/०१ /०७४/०७५ | कृषि तथा पशु हाटबजार उर्लाबारी- ३ | ११,००,०००।०० | ५% | १०००।- | २०७५/०३/२२ गते कार्यालय समयसम्म | २०७५/०३/२३ गते १२.०० बजेसम्म | २०७५/०३/२३ गते २.०० बजे |
| २ | रा/०२ /०७४/०७५ | साप्ताहिक शुक्रबारे हाटबजार उर्लाबारी ५ र ६, गोसखान समेत | २,५०,०००।०० | ५% | १०००।- | २०७५/०३/०७ गते कार्यालय समयसम्म | २०७५/०३/०८ गते १२.०० बजेसम्म | २०७५/०३/०८ गते २.०० बजे |
| ३. | रा/०३ /०७४/०७५ | साप्ताहिक शनिश्चरे हाटबजार उर्लाबारी ३, | ८५,०००।००/- | ५% | १०००।- | २०७५/०३/०७ गते कार्यालय समयसम्म | २०७५/०३/०८ गते १२.०० बजेसम्म | २०७५/०३/०८ गते २.०० बजे |
| ४. | रा/०४ /०७४/०७५ | शनिवारे हाट बजार, उर्लाबारी-८ र ९, दुर्गापुरी | २१,०००/- | ५% | १०००।- | २०७५/०३/०७ गते कार्यालय समयसम्म | २०७५/०३/०८ गते १२.०० बजेसम्म | २०७५/०३/०८ गते २.०० बजे |

**नोट :- अन्य विस्तृत जानकारी र शर्तहरुका सम्बन्धमा यस न.पा. कार्यालयको सूचना पाटि, नगरपालिकाको बेबसाईट www.urlabarimun.gov.np मा वा कार्यालय समयमा न.पा. को राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।**

**शर्तहरु :-**

१. उल्लेखित आय ठेक्काको बोलपत्र फारम माथी उल्लेखित मिति भित्र तोकिएको दस्तुर (फिर्ता नहुने) तिरी कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. बोलपत्र फारम खरिद गरेको मिति देखि वोलपत्र खरीद गर्ने अन्तिम मितिको भोलीपल्ट अपरान्ह १२:०० बजे सम्म शिलबन्दी बोलपत्र फारम दर्ता गर्न सकिने छ । पर्न आएका शिलवन्दी बोलपत्रहरु बोलपत्र दर्ता हुने अन्तिम दिनको २:०० बजे कार्यालयका प्रतिनिधी र ठेकेदार वा निजको प्रतिनिधिको रोहवरमा खोलीने छ तर ठेकेदार वा निजको प्रतिनिधी उपस्थित नभएपनि उल्लेखित आय ठेक्काको शिलबन्दी बोलपत्रहरु खोल्न बाधा पर्ने छैन ।

३ बोलपत्र दर्ता गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुले पछि बोलपत्र दर्ता गर्ने र खोल्ने पूर्व निर्धारीत समय कायम रहने छ ।

४ बोलपत्र (टेण्डर) खोल्ने काम समाप्त भएपछि बोलपत्र (टेण्डर) कबोल गर्ने पहिलो, दोश्रो र तेस्रो तीन जनाले राखेको धरौटी रोक्का राखि अरुको हकमा फिर्ता दिन सकिने छ र बोलपत्र (टेण्डर) स्वीकृत भैसकेपछि बोलपत्र (टेण्डर) कबोल गर्ने पहिलो व्यक्तिको नाममा कबुलियत गर्न ७ (सात) दिने सूचना यस न.पा.बाट पठाईनेछ । सो सुचना बुझि लिएको वा निजको घर दैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्रमा उपस्थित भै ठेक्का सम्झौता गर्न नआएमा वा आए पनि ठेक्का सम्झौता गर्न मञ्जुर नगरेमा निजले राखेको धरौटी जफत गरि सो पछिको दोस्रो, तेस्रो बोलपत्र (टेण्डर) कबोल गर्ने व्यक्तिलाई निजहरुको बोलपत्र (टेण्डर) अंक उपयुक्त ठहरेमा न.पा.ले क्रमशः नियमानुसार ठेक्का बस्तोबस्त गर्न सक्नेछ । निजहरुले पनि सूचना म्याद भित्र उपस्थित नभएमा वा उपस्थित भै सम्झौता गर्न मञ्जुर नगरेमा निजहरुले राखेको धरौटी जफत गरि कार्यालयबाट अर्को वैकल्पिक व्यवस्था अपनाई पुनः ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

५. उल्लेखित बोलपत्रहरु फर्मको नाममा खरिद गरिएको भए फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी, स्थानीय फर्मको हकमा न.पा.मा दर्ता भएको व्यवशाय कर प्रमाणपत्र नविकरणको प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी तथा काम गरेको भए अनुभवको प्रमाणपत्र संलग्न हुन पर्नेछ ।

६. बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको आय ठेक्का अंकको ५% रकम धरौटी वापत नगदै वा उर्लावारी नगरपालिकाको नाममा रहेको कृषि विकास बैंक उर्लावारीको धरौटी हि.नं. ०६०१७०११५०५९५०२४ मा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

७. ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारका बुझाउनु पर्ने कर, दस्तुर, महशुल ठेकेदार पक्षवाट बुझाउनु पर्ने छ र सो को फरफारकको प्रमाण कार्यालयमा पेश गरे पछि मात्र निजले ठेक्का कबोल गर्दा राखेको धरौटी फिर्ता वा फुकुवा गरीनेछ ।

८. ठेकेदारसँग ठेक्का सम्झौता गर्दा एकमुष्ठ रकम बुझाउने हकमा १.५ प्रतिशत आयकर समेत सम्पुर्ण रकम दाखिला गरि सकेपछि मात्र ठेक्का सम्झौता गरिनेछ । कार्यालयले तोकि दिएको समयसम्म सम्झौता गर्न नआएमा शर्त नं. ४ अनुसार क्रमशः दोस्रो र तेस्रो बवोल अंकलाई उपयुक्त ठहरेमा ठेक्का सम्झौताका लागी आमन्त्रण गर्न सकिनेछ ।

९. ठेक्का स्विकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्नु पर्ने छ । सम्झौता गर्दा कवोल गरेको सम्पूर्ण रकम एकमुष्ठ बुझाई सम्झौता गरेमा कबोल गरेको रकमको १०% ले हुन आउने रकम छुट दिईने छ । एकमुष्ठ रकम नबुझाएको खण्डमा कवोल गरेको कुल रकमलाई बाह किस्तामा बिभाजन गरी पहिलो किस्ता (२०७५ श्रावण) को र अन्तिम किस्ता (२०७६ साल, जेठ, असार) को समेत ३ (तिन) किस्ताको रकम नगदै वा बैक भौचर यस कार्यालयमा जम्मा गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ । बाँकी रकमको हकमा मान्यता प्राप्त बैकको एक बर्ष अवधिको बैक ग्यारेन्टी (परफरमेन्स बण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

१०. ठेकेदारले आय ठेक्काको बुझाउनु पर्ने बुदा नं. ९ देखि वाहेकका बाँकी किस्ताको हकमा प्रत्येक महिनाको १५ गते (सो दिन बिदा परे सो दिनको भोली पल्ट) सम्ममा अनिवार्य रुपमा सो महिनाको पुरा किस्ता र कवोल गरेको अंक अनुसार पहिलो किस्ता वापतको नगदै रकम र बाँकी किस्तामा तिर्नु पर्ने बैक ग्यारेन्टी पेश नभएमा संझौता नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

११. किस्ता बन्दी बुझाउने गरि सम्झौता भएमा ठेकेदारले कार्यालयलाई तोकिएको अवधि भित्र अर्थात २०७६ साल बैशाख १५ गते भित्र ठेक्काका सम्पूर्ण किस्ता रकम नबुझाएमा ठेकेदारद्धारा कार्यालयमा पेश गरीएको परफरमेन्स बण्ड जारी गर्ने बैकबाट उक्त बाँकी किस्ता रकम असुल गरीने छ ।

१२. ठेक्का रकम किस्तामा बुझाउनेको हकमा माथि उल्लेख भएको अतिरिक्त प्रत्येक महिनाको १५ गते भित्र अघिल्लो महिनाको किस्ता अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।

१३. किस्ता बुझाउदा नगद कार्यालयमा वा यस कार्यालयको नाममा कृषि विकास बैंक उर्लावारी मा रहेको हि.नं. ०६०१७०११५०५९५०८३ को बैक खातामा रकम जम्मा गरेको सक्कलै भौचर कार्यालयमा पेश गर्नु पर्नेछ । ठेकेदारले राखेको अग्रीम धरौटी रकमलाई किस्तामा मिलान गर्न पाईने छैन ।

१४. ठेकेदारले आय संकलनका लागि लिएको ठेक्कामा नगरपालिकाले तोकेको दर भन्दा बढि लिन पाईने छैन । बढी लिएको पाईएमा वा ठहरेमा ठेकेदारलाई जरिवाना अशुल गरी आवश्यक कारवाही समेत गर्न सकिनेछ ।

१५. ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल गरी ठेकेदारलाई आवश्यक कारवाही हुने छ ।

१६. बोलपत्र स्विकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र कबुलियत, संम्झौता गरी पटटापुर्जी (ईजाजत पत्र) नलिएमा ठेकेदारले राखेको धरौटी जफत गरिने छ र अन्यको हकमा प्रचलित कानून र नगपालिकाको निर्णय अनुसार हुनेछ ।

१७. पहिलो टेण्डरदाताको ठेक्का स्वीकृत भई नियम अनुसारको प्रकृया पुरा गरि ठेक्कामा सम्झौता नगरे सम्म दोश्रो र तेश्रो बोलपत्रदाताको धरौटी रकम फिर्ता गरीने छैन र पहिलो टेण्डर दाताको ठेक्का अंकमा अन्य ठेकेदारको धरौटीबाट हिसाव मिलान गर्न पाइने छैन ।

१८. ठेक्का सम्बन्धमा कुनै किसिमको बिवाद भएमा यस कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।

१९. रित नपुगेको वा म्याद नाघेर आएको बोलपत्र उपर कुनै कार्यवाही गरीने छैन साथै शिलबन्दी बोलपत्रदाताले खामको बाहिर आफूले लिन चाहेको ठेक्काको नाम, नं. र बोलपत्र (टेण्डर) दाताको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

२०. आय ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिद, कर्मचारी समेतको व्यवस्था ठेकेदार आफैले गर्नु पर्नेछ नगदी रसिदमा कार्यालयको अनिवार्य छाप लगाएर मात्र प्रयोग गर्न पाईनेछ । छाप नलगाई कर रसिद प्रयोग गरेको पाईएमा ठेकेदारलाई नियमानुसार कारवाही गरिने छ ।

२१ ठेक्का सम्वन्धी यस कार्यालयवाट प्रकाशित सूचना सम्बन्धित सबैका लागि मान्य हुनेछ । शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएको बोलपत्र (टेण्डर) माथि कार्वाही हुने छैन ।

२२. माथी उल्लेखित सबै आय ठेक्काहरुको राजश्व दर कार्यालयबाट स्वीकृत भए अनुसार हुनेछ ।

२३. पर्न आएका वोलपत्रहरु स्वीकृत गर्ने नगर्ने लगायत ठेक्का सम्वन्धि निर्णय गर्नु पर्ने सम्पुर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

२४. अन्य बिस्तृत जानकारीका लागि उर्लावारी नगर कार्यपालिका कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ ।

उर्लावारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ